प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७७/०७८ मा डिप्लोमा तथा प्रमाणपत्र तह एवं प्रि-डिप्लोमा तहका कार्यक्रमहरुमा पूर्ण शूल्कीय तर्फ स्वीकृत कोटा भन्दा कम आवेदक भई कोटा रिक्त रहेका शिक्षण संस्थाहरुमा पूनः आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७७।०८।०५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तह एवं प्रि-डिप्लोमा तहका पुर्ण शुल्कीय तर्फका बिभिन्न कार्यक्रमहरुमा बिद्यार्थीहरु भर्ना गर्न क्रमशः २०७७ आश्विन २६ र आश्विन ३० गते सूचना प्रकाशित गरिएकोमा बिविध कारणले उक्त अवधिमा आवेदन फाराम भर्न छुटेका प्राविधिक शिक्षा अध्ययन गर्न इच्छुक बिद्यार्थीहरुका लागि स्वीकृत कोटा अनुसारको बिद्यार्थी अपुग भएका वा नयां सम्वन्धन/स्वीकृती प्राप्त गरेका शिक्षालयहरुमा मिति २०७७ मंसिर १५ गतेसम्म आवेदन फाराम भर्न म्याद थप गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को १८३ औं बैठकबाट निर्णय भएको हुंदा देहाय बमोजिम हुने गरी पूनः आवेदन फाराम आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. डिप्लोमा प्रमाणपत्र तहको हकमा मिति २०७७।०५।२६ गते प्रकाशित सूचना र प्रि-डिप्लोमा तहको हकमा मिति २०७७।०५।३० गते प्रकाशित सूचनामा उल्लेख भएका सवै शर्तहरु र प्रकृयाहरु पुरा गर्नुपर्नेछ।

२. आवेदन फाराम भर्ने आवेदकले मिति २०७७।०८।१५ गते कार्यालय समय भित्र सम्वन्धित शिक्षण संस्थामा आवेदन फाराम दर्ता गराउनु पर्नेछ भने सम्वन्धित शिक्षण संस्थाहरुले मिति २०७७।०८।१६ गते राती १२:०० बजे भित्र ITMS मा Online Entry गरिसक्नु पर्नेछ।

३. सम्वन्धित शिक्षण संस्थाले उक्त सूचनामा उल्लेखित सम्वन्धित परिषद्, प्रदेश कार्यालयका बैंक खाताहरुमा आवेदकले फाराम बुझाउने मितिको भोलिपल्ट रकम बुझाएको बैंक भौचर संलग्न गरी मिति २०७७।०८।१७ गतेसम्म सम्पुर्ण विवरणहरु सम्वन्धित प्रदेश कार्यालयमा पठाउनु पर्नेछ।

४. डिप्लोमा तथा प्रमाणपत्र तहको हकमा भर्ना सम्वन्धी निर्देशिका बमोजिम नतिजा तयार गरी गोप्य रुपमा सम्वन्धित परिषद्को प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ र सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुले नतिजा प्रकाशन गरेपछि मात्र बिद्यार्थी भर्ना गर्नुपर्नेछ।

५. प्रि-डिप्लोमा तहको हकमा भर्ना सम्वन्धी निर्देशिका बमोजिम नतिजा तयार गरी बिद्यार्थी भर्ना प्रकृया गर्नुपर्नेछ।

६. अन्य बिस्तृत जानकारीको लागि सम्वन्धित परिषद्का प्रदेश कार्यालयहरुमा सम्पर्क गर्न हुन समेत जानकारी गराइन्छ।

**नोट:** शैक्षिक शत्र २०७७/०७८ मा पहिलो पटक परिषद्बाट सम्वन्धन/स्वीकृत पाई कार्यक्रम संचालन गर्न आवेदन फाराम भराउने शिक्षण संस्थाहरुले ITMS मा आवेदन फाराम भर्नका लागि कार्यालयको आधिकारीक पत्र ctevtoce.itms@gmail.com मा पठाई Username र Password प्राप्त गर्न सकिनेछ। उक्त पत्रमा प्राचार्यको नाम, मोबाइल नं र इमेल अनिवार्य उल्लेख गर्नुपर्नेछ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**